चिचिला गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

चिचिला, संखुवासभा
कोशी प्रदेश, नेपाल

## कार्यपालिका बैठक उपस्थिति

**बैठक मिति:** २०८१/६/०७ **बैठक सङ्ख्या:** ३

**बैठक प्रारम्भ समय:** १०: ०० बजे **बैठक समापन समय:** २:०० बजे

आज मिति २०८१/६/०७ गते बसेको यस कार्यपालिका बैठकको उपस्थिति यसप्रकार रहेको छ:-

| क.स. | पद | दर्जा | पदाधिकारीको नाम | दस्तखत | कैफियत |
|---|---|---|---|---|---|
| १. | अध्यक्ष | अध्यक्ष | पासाङ नुर्बु शेर्पा | | |
| २. | सदस्य | उपाध्यक्ष | मनकला राई | | |
| ३. | सदस्य | वडाध्यक्ष | पूर्ण कुमार राई | | |
| ४. | सदस्य | वडाध्यक्ष | दिनेश कुमार राई | | |
| ५. | सदस्य | वडाध्यक्ष | जीत बहादुर राई | | |
| ६. | सदस्य | वडाध्यक्ष | वा ल कुमार तामाङ्ग | | |
| ७. | सदस्य | वडाध्यक्ष | चन्द्रबीर राई | | |
| ८. | सदस्य | सदस्य | राजेन्द्र घले | | |
| ९. | सदस्य | सदस्य | इन्द्र बहादुर राई | | |
| १०. | सदस्य | सदस्य | पुष्पा राई | | |
| ११. | सदस्य | सदस्य | जुल्मी राई | | |
| १२. | सदस्य | सदस्य | तारा कुमारी विश्वकर्मा | | |
| १३. | सचिव | प्रमुख प्रशासकीय अधिकृत | सन्तोष राई | | |
| १४. | आमन्त्रित सदस्य | सूचना प्रविधि अधिकृत | जोशन गुरुङ | | |

चिचिला गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

चिचिला, सङ्खुवासभा
कोशी प्रदेश, नेपाल

## कार्यपालिका बैठक निर्णय

बैठक मितिः २०८१/०६/०७ बैठक सङ्ख्याः ०३

बैठक प्रारम्भ समयः ११:०० बजे बैठक समापन समयः ३:०० बजे

---

आजका दिन बसेको यस कार्यपालिका बैठकले कार्यसूचीका आधारमा छलफलबाट गरिएका सर्वसम्मत निर्णयहरूको मुख्य व्यहोरा निम्न बमोजिम छन्:

१. अघिल्लो कार्यपालिका बैठकको निर्णयहरूको समीक्षा गरियो ।

२. नव गठित कोशी प्रदेश सरकारलाई बधाई ज्ञापन गर्ने र कोशी प्रदेश सरकार अन्तर्गत भौतिक पूर्वाधार विकास मन्त्रालय, खानेपानी, सिंचाइ तथा ऊर्जा मन्त्रालय र उद्योग, कृषि तथा सहकारी मन्त्रालय समक्ष चिचिला गाउँपालिकाका देहायका आयोजनाहरूको लागि बजेट व्यवस्थापन गरिदिनका अनुरोध गर्नेः

(क) ओराङखोला लङ्खुवांदोभान (चिचिला-५ र सभापोखरी-२ जोड्ने) मोटरेबल फलामे पुल निर्माण (रु.९० लाख मात्र, DPR भएको),

(ख) चिचिला-आरुबोटे-डेंवा-डाँडागाउँ-३ नं. वडा कार्यालय-खर्सु-फाकादाम सडक (DPR भएको),

(ग) ५ शैयाको अस्पतालको सपोर्ट वाल,

(घ) ओराङखोला-देविटार-लङ्खुवा दोभान सडक,

(ङ) ओराङखोला मोटरेबल पुल (चिचिला-४ र चिचिला-५),

(च) एकीकृत कृषि खेती प्रणाली,

(छ) वडा नं.४ मा कृषि बजारमा कोल्ड स्टोर निर्माण,

(ज) लोक्ताम समूह भवन, चिचिला-१,

(झ) जलजले-डाँडागाउँ-भिङ्गुमा सिंचाई, चिचिला-४,

(ञ) ढुङ्ग्रे खेला झोलुङ्गे पुल निर्माण, चिचिला-१,

(ट) भ्याङखोला-तम्बे-ख्याम्पालुङ सडक (DPR भएको)

(ठ) बर्देउ आमा समूह भवन,

(ड) यागाङ्मा माङ्टाङ्गा झोलुङ्गे पुल ।

३. चालु आ.व.२०८१/०८२ मा सञ्चालन हुने आयोजना तथा कार्यक्रमहरूका सम्बन्धमा गत आ.व.२०८०/०८१ मा सञ्चालित आयोजनाहरूका सम्बन्धमा महालेखापरीक्षकबाट प्राप्त सुझावहरू समेतका आधारमा देहाय बमोजिम गर्नेः

क. आयोजना सम्पन्न भएपछि भुक्तानीका लागि सिफारिस गर्दा बिल बिजकको सक्कल प्रति संलग्न भई आएको खण्डमा मात्रै सिफारिस गर्ने,



CamScanner

चिचिला गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

चिचिला, सङ्खुवासभा
कोशी प्रदेश, नेपाल

कार्यपालिका बैठक निर्णय

बैठक मितिः २०८१/०६/०७ बैठक सङ्ख्याः ०३
बैठक प्रारम्भ समयः ११:०० बजे बैठक समापन समयः ३:०० बजे

ख. निर्माण कार्य सम्बन्धी आयोजनाको हकमा फिल्डमा लिईने कामको नापी सम्बन्धी कार्यका लागि फिल्ड बुक छपाई गरी सम्झौता र भुक्तानी फाईलमा अनिवार्य रूपमा संलग्न राखे,

ग. निर्माण कार्य सम्बन्धी आयोजनाहरूको हकमा निर्माण कार्य सम्पन्न भए पश्चात अनिवार्य रूपमा जनप्रतिनिधिको रोहबरमा सम्बन्धित टोल विकास संस्था तथा आयोजनाका लाभग्राहीहरू समेतको उपस्थितिमा सार्वजनिक परीक्षण गर्ने व्यवस्था कार्यान्वयनमा ल्याउने,

घ. उपभोक्ता समितिमार्फत सञ्चालन हुने आयोजनाको डोर हाजिरी फारममा उपभोक्ता समितिका अध्यक्ष, सचिव र कोषाध्यक्षले अनिवार्य रूपमा दस्तखत गर्ने व्यवस्था कार्यान्वयन गर्ने ।

४. पञ्चकन्या आ.वि. निवर्तमान प्र.अ.केशर वि.क.ले आर्थिक अपचलन गरेको भन्ने स्थानीयबासीको मौखिक गुनासा सम्वन्धमा शिक्षा शाखाले अध्ययन गरी प्रतिवेदन पेश गर्ने ।

५. प्रमुख जिल्ला अधिकारी समेतलाई जानकारी गराई उत्तर दक्षिण कोशी सडक आयोजनाको निर्माण कार्यको गाउँपालिकास्तरीय अनुगमन समितिले मिति २०८१ असोज ११ गते अनुगमन गर्ने ।

६. सघन शहरी तथा भवन निर्माण आयोजना, धनकुटाले चिचिला गाउँपालिकाको कार्यालय परिसरमा निर्माण गरेको बहुउद्धेश्यीय कभर्ड हलको हस्तान्तरण फारम आज मिति २०८१/०६/०७ गते प्राप्त भएकोमा ठेक्का सम्झौता अनुसारको डिजाइन तथा BOQ अनुसार बने नबनेको विषयमा यकिन नभई उक्त कभर्ड हल गाउँपालिकाले बुझिलिन नसक्ने विषय खुलाई पत्राचार गर्ने ।

७. चिचिला गाउँपालिका वडा नं.४ स्थित जुकेमा निर्माणाधीन पाँच शैय्याको गाउँपालिकास्तरीय अस्पताल भवनका लागि देहाय बमोजिमको जग्गा निःशूल्क उपलब्ध गराउन जग्गादाताहरूले मिति २०७५/०१/११ गते लिखत मञ्जुरीनामा पेस गरेको हुँदा उक्त जग्गावाट गाउँपालिकालाई आवश्यक पर्ने जग्गा नामसारी गरी गाउँपालिकाको नाममा कायम गर्ने ।

देहायः

| क.सं. | जग्गादाताको नाम | कित्ता नम्बर | कैफियत |
|---|---|---|---|
| १. | छिरिङ नुर्बु शेर्पा | १९०४ | |
| २. | तेन्जी शेर्पा | १९०३ | |
| ३. | दिल बहादुर तामाङ | २०१३ | |
| ४. | बाल कुमार तामाङ | २०१२ | |
| ५. | पदम बहादुर तामाङ | ७०३ | |



CamScanner

चिचिला गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

चिचिला, सङ्खुवासभा
कोशी प्रदेश, नेपाल

## कार्यपालिका बैठक निर्णय

बैठक मितिः २०८१/०६/०७ बैठक सङ्ख्याः ०३
बैठक प्रारम्भ समयः ११:०० बजे बैठक समापन समयः ३:०० बजे

| | | | |
|---|---|---|---|
| ६. | सेते गुरुङ | ७०२ | |

८. सङ्खुवासभा जिल्ला खाँदवारी नगरपालिकाको मानेभञ्याङ्गमा मिति २०८१/०६/२० गतेदेखि मिति २०८१/०६/२३ गतेसम्म आयोजना हुने जिल्ला स्तरीय अण्डर १६ खुल्ला पुरुष फुटवल प्रतियोगितामा चिचिला गाउँपालिकाको तर्फवाट सहभागिताका लागि चिचिला गाउँपालिका वडा नं.४, मच्छे निवासी श्री किशोर कुमार गुरुङ टिम व्यवस्थापक रहने गरी पठाउने र सहभागी टिमका लागि १२ थान जर्सी र नगद रु.१५,०००।—(पन्ध्र हजार रुपैयाँ मात्र) आर्थिक सहायता शीर्षकबाट समेत उपलब्ध गराउने ।